# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ६)    संख्याः ५    मिति : चैत्र 3 गते २०७९

भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## समुदाय रुपान्तरणका लागि आयआर्जन कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९

**प्रस्तावना :** यशोधरा गाउँपालिकाको समुदाय रुपान्तरणको लागि आयआर्जन कार्यक्रम अन्तरगत जीविकोपार्जन सुधार कार्यक्रम मार्फत मानव विकास सूचांकमा पछाडि परेका वर्गलाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न साथै दलित, विपन्न, मुस्लिम तथा महिलाको उत्थान सशक्तीकरण गरी गाउँपालिका विकासमा मूलप्रवाहीकरण गर्नका लागि सुशासन तथा विकासका लागि सूचना प्रवर्द्धन तथा जीविकोपार्जन परियोजना अन्तरगत महिला, विपन्न, मुस्लिम तथा दलित वर्गको जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न वांछनीय भएकोले,

यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद–१
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम " समुदाय रुपान्तरणका लागि आयआर्जन कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९" रहेको छ ।
२. कार्यविधि यशोधरा गाउँपालिकाको कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "समूह" भन्नाले विपन्न, दलित, मुस्लिम तथा महिलाको वर्गका व्यक्तिहरुबाट गठित समूहलाई सम्झनु पर्दछ ।

(२) "कार्यालय" भन्नाले यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(३) "अध्यक्ष" भन्नाले यशोधरा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(४) "उपाध्यक्ष" भन्नाले यशोधरा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(६) "जीविकोपार्जन कार्यक्रम" भन्नाले व्यवसायिक बगर तरकारी तथा फलफुल खेती, सिमेन्ट इन्टरलक ब्लक निर्माण उद्योग तथा सिलाइ कटाइ सेन्टर सम्झनु पर्दछ ।

(७) "कोष" भन्नाले गठित समुह संचालन तथा व्यवस्थापनका लागि कुनै पनि नेपाल सरकारबाट मन्यता प्राप्त बैंकमा खोलिएको खाता सम्झनु पर्दछ ।

(८) "गाउँपालिका" भन्नाले यशोधरा गाउँपालिका बैदौली कपिलवस्तु सम्झनु पर्दछ ।

(९) "दलित" भन्नाले नेपाल सरकारले दलित भनि परिभाषित गरेको समुदायका दलितलाइ सम्झनु पर्दछ ।

(१०) "महिला" भन्नाले पछाडि परेका एकल वा गरिब महिला सम्झनु पर्दछ ।

(११) "मुस्लिम" भन्नाले पछाडि परेका मुस्लिम बर्गका व्यक्ति सम्झनु पर्दछ ।

(१२) "विपन्न" भन्नाले पछाडि एवं अति गरिब व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद–२
## कार्यक्रम उद्देश्य, क्षेत्र तथा संचालन

**३. कार्यक्रम उद्दश्ये :** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-

**क)** दलित, महिला, विपन्न तथा मुस्लिम वर्गको ज्ञान, सीप र आयआर्जन र रोजगारी लगायतका क्षेत्रमा पँहुच वृद्धि तथा अवसरहरु सृजना गर्ने ।

**ख)** दलित, महिला, विपन्न तथा मुस्लिम वर्गको पेशागत व्यवसायको आधुनिकिकरण तथा विविधिकरणको माध्यबाट उनिहरुलाइ आर्थिक रुपमा आत्मनिर्भर बनाउने ।

**ग)** आर्थिक सशक्तिकरण गरी विकास निर्माण एवं आर्थिक वृद्धिमा सहयोग हुने ।

**४. कार्यक्रमको क्षेत्र :** कार्यक्रम मुलत : देहायका क्षेत्रमा केन्द्रीत भइ कार्यान्वयन गरिनेछ :-

**क)** उत्पादन एवं आयआर्जनमूलक ।

**ख)** परम्परागत पेशा, व्यवसाय, सीपममा आधारित उद्यम विकासका लागि दक्षता अभिवृद्धि ।

**ग)** लघु तथा घरेलु उद्यम प्रवर्द्धन ।

**५. कार्यक्रम संचालन तरिका :** कार्यक्रम संचालन गर्दा निम्न तरिका अवलम्बन गरिनेछ :-

**क) व्यवसायिक बगर तरकारी तथा फलफुल खेती कार्यक्रम :** यस कार्यक्रम अन्तरगत यशोधरा गाउँपालिका वडा नं ८ अन्तरगत २ जना महिला, २ जना विपन्न, ४ जना धार्मिक अल्पसंख्यक र २ जना दलित वर्गका व्यक्तिहरुबाट समूह गठन गर्ने ।

**ख) व्यवसायिक सिलाइकटाइ कार्यक्रम :** यस कार्यक्रम अन्तरगत यशोधरा गाउँपालिका वडा नं ४, ६ र ८ अन्तरगत दलित ४, महिला ६ र विपन्न २ गरी जम्मा १२ जना व्यक्तिहरुबाट समूह गठन गर्ने ।

**ग) व्यवसायिक सिमेन्ट इन्टरलक ब्लक निर्माण उद्योग संचालन कार्यक्रम :** यस कार्यक्रम अन्तरगत यशोधरा गाउँपालिका वडा नं ४ का ४ जना महिला, ४ जना दलित र ४ जना विपन्न व्यक्तिहरुबाट समूह गठन गर्ने ।

६. **कार्यक्रम क्रियाकलापहरु :** कार्यक्रमका क्रियाकलापहरु देहाय अनुसार संचालन हुनेछः-

क) **व्यवसायिक बगर तरकारी तथा फलफुल खेती कार्यक्रम**: यस कार्यक्रममा देहाय अनुसारको क्रियाकलाप संचालन हुनेछ :

१) व्यवसायिक बगर तरकारी तथा फलफुल खेतीका लागि गठित समुहलाई बगर तरकारी तथा फलफुल खेती सम्बन्धि तालिम दक्ष प्रशिक्षकबाट संचालन गर्ने ।

२) व्यवसायिक बगर तरकारी तथा फलफुल खेती गर्न सामुहिक खेतिका लागि १५ देखि २० कठ्ठा सम्म जग्गा भाडामा लिइ सो जग्गा छेकवार गर्ने ।

३) बगर तरकारी तथा फलफुल खेतीमा सिचाइका लागि समूहमा पम्पसेट तथा डिलेभरी पाइप उपलब्ध गराउने ।

४) बगरखेती कार्यक्रम संचालनको लागि प्रविधि हस्तान्तरण कार्यक्रम मार्फत स्प्रेंटंकी, मलचिंग, विउ जैविक मल इत्यादि समूहमा उपलब्ध गराउने ।

५) समूहलाई बाजारिकरणमा आवश्यक सहयोग गर्ने ।

ख) **व्यवसायिक सिलाइकटाइ कार्यक्रम :** यस कार्यक्रममा देहाय अनुसारको क्रियाकलाप संचालन हुनेछ ।

१) व्यवसायिक सिलाइकटाइ कार्यक्रमका लागि गठित समुहलाई सिलाइकटाइ सम्बन्धि ३ महिने आधारभूत तालिम दक्ष प्राविधिक वा प्रशिक्षकबाट संचालन गर्ने ।

२) सिलाइकटाइका लागि गठित समूहको सिलाइकटाइ सेन्टर संचालनका लागि आवश्यक कोठाभाडा उपलब्ध गराउने र समूहमा सिलाइकटाइ प्रविधि हस्तान्तरण मार्फत सिलाइकटाइ मेसिन, इन्टरलक मेसिन, इलेक्ट्रिक आइरन, कैचि, कपडा इत्यादि समेत उपलब्ध गराउने ।

३) आधारभूत तालिम पश्चात समुहलाई उच्चस्तरीय ६ महिने सिचाइकटाइ सम्बन्धि तालिम उपलब्ध गराउने ।

४) आयआर्जन वृद्धिका लागि आवश्यक बाजारिकरणमा सहयोग दिने ।

ग) **व्यवसायिक सिमेन्ट इन्टरलक ब्लक निर्माण उद्योग संचालन कार्यक्रम :** यस कार्यक्रममा देहाय अनुसारको क्रियाकलाप संचालन हुनेछ ।

१) व्यवसायिक सिमेन्ट इन्टरलक ब्लक निर्माण उद्योग संचालनका लागि गठित समूहलाई निर्माणका लागि तालिम संचालन गर्ने र मेसिन जडानका लागि मिटर जडान लगायतमा सहयोग गर्ने ।

२) व्यवसायिक सिमेन्ट इन्टरलक ब्लक निर्माणका लागि प्रविधि हस्तान्तरण मार्फत इन्टलकब्लक निर्माण मेसिन उपबल्ध गराउने ।

३) उद्योग संचालनमा सहजिकरण गर्ने र बाजारिकरणमा सहयोग गर्ने ।

परिच्छेद ३

**कार्यक्रम संचालन समिति र काम, कर्तव्य र अधिकार**

७. कार्यक्रम निर्देशन तथा संचालन समिति :-

१) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम कार्यक्रम निर्देशन तथा संचालन समिति रहनेछ :-

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) गाउँपालिका अध्यक्षले तोकेको एक जना वडा अध्यक्ष - सदस्य

घ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ङ) सुशासन तथा विकासका लागि सूचना प्रवर्द्धन तथा जीविकोपार्जन कार्यक्रमको फोकल पर्सन - सदस्य सचिव

२) समितिले बैठकमा आवश्यक भएमा बढीमा २ जना सम्म विषय विज्ञ, कार्यक्रम संयोजक वा विषयगत प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ ।

३) समितिको बैठक समितिको सदस्य सचिवबाट अनुरोध गरी संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

४) समितिको बैठकको व्यवस्थापन सदस्य सचिवले गर्नु पर्नेछ ।

५) समितिले आफ्नो बैठकको कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार :** दफा ७ बमोजिम समितिको प्रचलित कानुन अनुसार रहने गरी देहाय अनुसारको काम, कर्तव्य र अधिकार हुनेछ :-

१) दफा ५ अनुसार गठित समुह र सो सँग सम्बन्धि कार्यक्रमको उचित स्थान पहिचान गर्ने ।

२) प्रचलित कानुन बमोजिम कार्यक्रम संचालनको तरिका, प्रकृया सम्बन्धमा निर्णय गर्ने ।

३) दफा ६ अनुसारको कार्यक्रमका क्रियाकलाप संचालनका लागि आवश्यक सामाग्री, उपकरण तथा थप बजेटको व्यवस्था गर्ने ।

४) दफा ५ अनुसार गठित समूहहरु यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा दर्ताका एवं प्रमाणपत्रका लागि आवश्यक सहजिकरण गर्ने ।

५) गठित समूहलाई संचालन एवं व्यवस्थापनमा आवश्यक समन्वय एवं सहजीकरण गर्ने ।

६) दफा ५ अनुसारको समूहलाई कार्यक्रम संचालनमा निर्देशन तथा नियमन गर्ने ।

७) दफा ६ अनुसारको क्रियाकलापमा आवश्यक पर्ने सामाग्रीको व्यवस्थापन तथा खरिद गर्ने गराउने ।

८) समुकको आय/व्यय बार्षिक लेखापरीक्षणका लागि लेखापरीक्षक तोक्ने ।

९) कार्यक्रम संचालनको क्रममा आवश्यक पर्ने शर्त वा सम्झौताका शर्तहरु वा सम्झौता गर्ने गराउने एवं निर्धारण गर्ने ।

१०) थप विस्तृत कार्यक्रम तर्जुमा गर्ने/ गराउने ।

११) सम्बन्धित वा सरोकारवाला पक्ष वीचमा समन्वय कायम गर्ने गराउने ।

१२) कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने ।

१३) दफा ५ अनुसार का समूहमा कुनै पनि व्यक्तिको आचरण वा काम संतोषजन नभएमा वा मृत्यु भएमा वा व्यक्ति आफै छोडेमा उक्त व्यक्तिको ठाउँमा सोही वर्गका व्यक्ति छनौट गर्ने ।

१४) दफा ६ अनुसारको क्रियाकलापमा उत्पान भएको वस्तु वा सामाग्रीहरु बाजारिकरणमा सहयोग गर्ने ।

१५) दफा ५ का समूहको कोष संचालनमा सहजिकरण गर्ने र नियन्त्रण गर्ने ।

१६) कार्यान्वयन समितिको सिफारिसमा समूहमा थप व्यक्ति विस्तार गर्ने

१७) कार्यक्रम निरन्तरताका लागि थप बजेटको व्यवस्था गर्ने ।

१८) यस कार्यविधिमा छुट भएको अन्य कार्य गर्ने ।

## परिच्छेद-४

## कार्यक्रम संचालन तथा व्यवस्थापन प्रक्रिया

९. दफा ५ अनुसारको कार्यक्रम संचालनका लागि गठित समूहमा देहाय अनुसारको कार्यान्वयन समिति रहने छ:

१) गठित समुह मध्ये समुहबाट सर्वसहमतिबाट छनौट हुने १ जना व्यक्ति -   अध्यक्ष

२) गठित समुह मध्ये समुहबाट सर्वसहमतिबाट छनौट हुने १ जना महिला व्यक्ति -   उपाध्यक्ष

३) गठित समुह मध्ये समुहबाट सर्वसहमतिबाट छनौट हुने १ जना व्यक्ति -   कोषाध्यक्ष

४) गठित समुह मध्ये समुहबाट सर्वसहमतिबाट छनौट हुने १ जना व्यक्ति -   सचिव

५) बाकी अन्य सबै          - सदस्य

६) यसरी गठित समुहबाट पदाधिकारी छनौट गर्दा समावेशिताका आधारमा दलित, महिला समते ध्यान राखी छनौट गर्नु पर्ने छ ।

७) समितिको बैठक आवश्यकताका आधारमा समय-समय बस्नुपर्ने छ ।

१०. दफा ५ अनुसारका कार्यक्रम संचालनका लागि गठित समूहको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ

१) कार्यक्रम निर्देशन तथा संचालन समितिले दिइएको निर्देशन तथा सुझावको पूर्णा पालना गर्ने ।

२) दफा ६ अनुसारको क्रियाकलापमा काम गर्ने ।

३) यशोधरा गाउँपालिकाको कार्यालयमा निरन्तर समन्वयमा रही काम गर्ने ।

४) दफा ९ अनुसार गठित कार्यान्वय समितिले समूहमा हुने क्रियाकलाप समितिले आफै गर्ने ।

५) यशोधरा गाउँपालिकाको कार्यालयबाट हस्तान्तरित सम्पूर्ण सामाग्रीको सुरक्षि रुपमा संचालन एवं सम्भार गर्ने ।

६) समूहमा उत्पादन भएका वस्तु वा सामाग्रीको उचित बजारमूल्य तय गर्ने ।

७) वस्तु एवं सामाग्री बाजारीकरणका लागि स्थान छनौट तथा खोज गर्ने ।

८) समूहमा उत्पादन भएका वस्तु वा सामाग्रीको विक्रि वितरणबाट प्राप्त आम्दानी वा अन्य संघ संस्थाबाट प्राप्त आम्दानी समूहको कोषमा जम्मा गर्ने ।

९) समुहमा काम गर्ने समुहका सदस्यहरुलाई बराबर रुपमा ज्याला/पारिश्रमिक निर्धारण गर्ने ।

१०) समुहको आम्दानी तथा खर्चको लेखाजोखा राख्ने ।

११)कार्यक्रम निर्देशन एवं संचालन समितिले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउने ।

१२) समूहको कार्य संचालनमा लाग्ने अन्य खर्चको व्यवस्था गर्ने ।

१३)समूह दर्ताका लागि यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा अनुरोध गर्ने ।

१४)समूहको स्थायी लेखा नं लिने कार्य गर्ने ।

१५)जग्गा वा कोठा भाडामा लिने वा समूहको आफ्नै स्वमित्यमा रहेको जग्गा वा कोठामा दफा ६ अनुसारको
क्रियाकलाप संचालन गर्ने ।

१६)आम्दानि तथा खर्चका लागि आम्दानी/खर्च नगदी रसिद राख्ने ।

१७)समूहको कोष स्थापना गर्ने ।

१८)समूहमा एक जना सम्पर्क व्यक्ति तोक्ने ।

१९) कार्यक्रम निर्देशन एवं संचालन समितिले तोकेको अन्य कार्य गर्ने ।

२०)यो कार्यविधिको पूर्ण पालना गर्ने ।

२१)समुहको नामाकरण गर्ने ।

२२)क्रियाकलाप संचालन गर्न स्थान छनौट गर्ने ।

परिच्छेद-५

## <u>कोषको व्यवस्था तथा संचालन प्रक्रिया</u>

११. दफा ५ अनुसार संचालन हुने कार्यक्रमको समुहबाट उत्पादन हुने वस्तु/सामाग्रीको वितरणबाट प्राप्त आम्दानी तथा अन्य संघ संस्थाबाट प्राप्त अनुदानबाट संकलित रकम व्यवस्थित गर्न समुहको कोष स्थापना एवं संचालन गरिनेछ । यस कोषको खाता नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा समूहको नाममा संचालन गरिने छ । उक्त खाता समितिका अध्यक्ष तथा कोषाध्यक्षको संयुक्त दस्ताखतमा संचालन गर्नु पर्ने छ । यस कोषको रकम देहायको क्षेत्रमा मात्र खर्च गर्न पाइने छ ।

१) कार्यक्रम कार्यान्वय समितिले समुहमा काम गर्ने सम्पूर्ण सदस्यको ज्याला/पारिश्रमिकमा ।

२) समूह संचालनमा लाग्ने विद्युत शुल्क, मर्मत खर्च, जग्गा/घरभाडा खर्च, मसलन्द खर्चमा ।

३) स्थापना भएका उपकरणहरुको नियमित संचालन तथा मर्मत खर्च ।

४) संचालन समिति बैठक वापत खाजा खर्च अधिकतम महिनामा एक पटक ।

५) माथी उल्लेखित शिर्षक बाहेक अन्य कुनै पनि शिर्षकमा कोषको रकम खर्च गर्न पाइने छैन ।

६) बार्षिक रुपमा तोकिएको शिर्षकमा खर्च कटाएर बचत हुने रकम समूहका सम्पूर्ण सदस्यमा बराबर बाडफाड गर्ने वा दफा ६ अनुसारको क्रियाकलापमा थप रकम लगानी गरी विस्तार गर्ने ।

७) कोषको रकम तोकिएको शिर्षक भन्दा बहिर खर्च भएमा वा रकम हिनामिना भएमा प्रचलित कानुन बमोजिम सम्बन्धित पदाधिकारी कार्यवाही हुनेछ ।

परिच्छेद-६

**विविध**

१२. **कार्यक्रम संचालन तथा व्यवस्थापन :** मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, लुम्बिनी प्रदेश अन्तरगत नवप्रवर्तन साझेदारी कोष तथा यस यशोधरा गाउँपालिकाको संयुक्त लागनीमा मिति २०७९ बैशाख १५ गते देखि २०८० असार मसान्त सम्म संचालनका लागि स्वीकृत सुशासन तथा विकासका लागि सूचना प्रर्वद्धन तथा जीविकोपार्जन परियोजना अन्तरगत समुदायमा रुपान्तरणको लागि आयआर्जन कार्यक्रम उक्त साझेदार संगको संयुक्त लगानिमा २०८० साल असार मसान्त सम्म संचालन गर्ने साथै कार्यक्रम निरन्तरताका लागि गाउँपालिकामा अपनत्व लिने गरी दफा ५ अनुसार कार्यक्रम संचालनका लागि गठित समूहलाई जिम्मेवार बनाउन गाउँपालिको कार्यालयमा दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउने र सो समूहको खाता नेपाल सरकारबाट मन्यता प्राप्त वित्तिय संस्थामा संचालन गर्ने । गठित समुहलाई गाउँपालिकाबाट निरन्तर प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

१३. **तालिम प्रदान गर्नुपर्ने :** दफा ५ अनुसारको कार्यक्रम संचालनका लागि कार्यक्रम निर्देशन एंव संचालन समितिले तालिम उलब्ध गराउनका लागि व्यवस्था मिलाउने ।

१४. **अनुगमन तथा मूल्यांकन** : दफा ५ अनुसारको कार्यक्रम संचालनका लागि समूहको स्थापना गरी कार्यक्रमको व्यवस्थापन तथा संचालन गर्न हस्तान्तरण गरिएको उपकरण एवं सामग्रीको प्रभावकारिता एवं कार्यक्रमको प्रभावकारिताको विषयमा नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

१५. **कार्यविधिको व्याख्या गर्न सक्ने :** यस कार्यविधिको कार्यान्वयनमा देखिएका समस्या वा द्विधाका सम्बन्धमा कार्यक्रम निर्देशन तथा संचालन समितिले व्याख्या गरी समाधान गर्न सकिनेछ ।

१६. **कारवाही तथा निस्कासन :** दफा ५ अनुसारको कार्यक्रम संचालनका लागि गठित समुहबाट कार्यक्रमको निर्देशन तथा संचालन समितिको निर्देशन वा तोकिएको कार्य प्रभावकारी नगरेमा वा आर्थिक हिनामिना गरेमा वा तोकिएको कार्य बाहेक अन्य कुनै कार्य गरेमा निर्देशक समितिले जुनसुकै बेला छनौट भएका व्यक्तिलाइ समूहबाट निस्कासन गरी अन्य व्यक्तिलाई समावेश गर्न सक्नेछ ।

१७. **<u>संशोधन सम्बन्धि व्यवस्था :</u>** गाउँपालिकाबाट आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

**<u>अनुसुचि १</u>**

कार्याविधिको दफा ८ को ४ सँग सम्बन्धित

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, बैदौली

कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

**<u>सामुदायमा रुपान्तरणका लागि जीविकोपार्जन कार्यक्रमका समूह दर्ता किताब</u>**

| क्र.स. | दर्ता मिति | सेवा केन्द्र को नाम | ठेगाना | संचालक समिति नामावली | पद | तयार गर्ने को सही | प्रमाणित गर्नको सही |
|---|---|---|---|---|---|---|---|
| १ | | | | १. ...........<br>२. ............<br>३. ............<br>४. ............<br>५. .............<br>६. ------------<br>७. -----------<br>८. ----------<br>९. ----------<br>१०. ---------<br>११. -----<br>१२. -------- | १. .........<br>२. ...........<br>३. ...........<br>४. ...........<br>५. ............<br>६. -----------<br>७. -----------<br>८. ----------<br>९. ----------<br>१०. ---------<br>११. ----- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | १२. -------- | | |
| २ | | | | | | | |

**<u>अनुसुचि २</u>**

कार्याविधिको दफा ८ को ४ सँग सम्बन्धित

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, बैदौली

कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

प्र.प.नं.

**<u>दर्ता प्रमाण-पत्र</u>**

निम्न लिखित विवरण भएको .................................. समूह संचालनलाइ सम्वत २०...........साल ...............महिना ...................गते ...................रोजमा समुदाय रुपान्तरणका लागि आयआर्जन कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ को दफा ८ को ४ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

**<u>विवरण</u>**

समूहको नाम: ..........................................................

ठेगाना : .......................................................

...................................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

नामः तेज बहादुर सिंह

प्रमुख प्रशासकीय अधिकृत